सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १२७ ♦ २०८२ साल पुस २६ शनिवार ♦ 10 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## काँग्रेस : मधेसका आठ जिल्लाका सभापतिको आग्रह




**खबर दर्पण समाचारदाता**

**पुस २५ गते, बर्दिवास**

नेपाली कांग्रेस मधेस प्रदेशअन्तर्गत आठ जिल्लाका जिल्ला सभापतिले पार्टी विधानविपरीत हुने कुनै पनि गतिविधिमा संलग्न नहुन पार्टीका सम्पूर्ण तहका नेता, कार्यकर्ता तथा सदस्यलाई आग्रह गरेका छन् ।

प्रदेशका आठवटै जिल्ला सभापतिद्वारा आआफ्नो जिल्लाको लेटरप्याडमा प्रेस संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै पार्टी विधानअनुसार 'महाधिवेशन' वा 'विशेष महाधिवेशन' बोलाउने अधिकार केन्द्रीय कार्यसमितिमा मात्र निहित रहेको भन्दै विशेष महाधिवेशनमा सहभागी नहुन आग्रह गरेका हुन् । कुनै पनि पदाधिकारी वा सदस्यले व्यक्तिगत रूपमा महाधिवेशन वा विशेष महाधिवेशनको नाममा कार्यक्रम वा गतिविधि सञ्चालन गर्नु विधानविपरीत हुने उल्लेख गर्दै त्यस्ता गतिविधिमा सहभागी नहुन आग्रह गरिएको छ ।

विज्ञप्तिमा जिल्ला, प्रतिनिधिसभा क्षेत्र, महासमिति, महाधिवेशन प्रतिनिधि, प्रदेशसभा क्षेत्र, पालिका, वडा तथा टोल तहका समिति, भातृ एवं शुभेच्छुक संस्थाका पदाधिकारी तथा सदस्यहरूलाई पार्टीको निर्णय, नीति र अनुशासन पालना गर्न आह्वान गरिएको छ ।

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य तथा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै पार्टीका आधिकारिक उम्मेदवारलाई विजयी गराउन एकताबद्ध र सशक्त रूपमा अभियानमा जुट्न सबै नेता-कार्यकर्ता, समर्थक तथा शुभेच्छुकलाई आग्रह गरिएको छ ।

जिल्ला सभापतिहरूमा महोत्तरीका नागेश्वरप्रसाद यादव, सप्तरीका रामदेव शाह, सर्लाहीका डा सरोजकुमार यादव, बाराका राजेशराय यादव, सिरहाका रामचन्द्र यादव, रौतहटका सुनिलकुमार यादव, पर्साका जनार्दन सिंह क्षेत्री र धनुषाका योगेन्द्र पञ्जियारले हस्ताक्षर गर्नुभएको छ। पार्टीको हित, प्रतिष्ठा र सङ्गठन सुदृढीकरणका लागि अनुशासन, एकता र समन्वय अपरिहार्य रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । रासस

## महोत्तरीमा म्यादी प्रहरी आवेदनका लागि भीड



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस २५ गते, महोत्तरी**

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा जिल्ला प्रहरी कार्यालय महोत्तरी, जलेश्वरमा म्यादी प्रहरीमा आवेदन दिन इच्छुक युवाहरूको भीड बिहीबार बिहानैदेखि नै सघन देखिएको छ।

आसन्न निर्वाचनका लागि जिल्लामा तीन हजार ९१२ जनालाई निर्वाचन प्रहरीमा भर्ना गर्न लागिएको निर्वाचन प्रहरी छनोट तथा नियुक्ति समितिले जनाएको छ। समितिको आज जारी एकीकृत सूचना अनुसार सो सङ्ख्यामा प्रहरी भर्ना हुने जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) शैलेन्द्र भट्टका अनुसार, म्यादी प्रहरीको आवेदन फाराम भर्ने प्रक्रिया पुस २५ गतेदेखि माघ १ गतेसम्म खुला रहनेछ। तोकिएको म्यादभित्र योग्यता पुगेका इच्छुकहरूले आवेदन दिन सक्नेछन्।

आवेदन दर्ताका क्रममा भीड व्यवस्थापन र शान्ति-सुरक्षामा विशेष ध्यान दिइएको प्रहरीले जनाएको छ। विशेषगरी युवाहरूको म्यादी प्रहरी भर्नाप्रति उत्साह उल्लेखनीय देखिएको छ।






# शनिवारीय साहित्य

## मौन आह्वान



दिलिप सिंह कुलुङ
महाकुलुङ-३, छेस्काम, सोलुखुम्बु

हामी आदिवासी,
प्रकृतिको पहिलो सहयात्री,
यो धर्तीको पहिलो आवादकर्ता
त्यसैले,
माटोको प्रत्येक सुगन्धमा
हाम्रा पुर्खाहरूको पसिनाको
आभास पाउँछौं,
र प्रत्येक मौन पहाडहरूमा
हाम्रो हजारौं वर्षको इतिहास देख्छौं/
भेट्छौं ।

हाम्रो भाषा केवल शब्द थिएन,
हावा, पानी, पहाड र आकाशसँग
मानिसले बोलेको आदिम
मानव संवाद थियो
हाम्रो अद्भूत सभ्यता,
ढोल, विनायो र मुन्दुमको भाका
सृष्टिकै पहिलो मौलिक संस्कृति थियो
त्यसैले,
हामी भन्छौं, यो देशको
हामी आदिवासी हौं।

जव कथित विकासको झण्डा बोकेर,
नश्लीय राज्यसत्ता आयो
जालझेल र दमनको बुलडोजरले
पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको
हाम्रो परम्परागत ज्ञान,
जसले,
प्रकृतिसँग सहअस्तित्व गर्न सिकायो,
त्यसैलाई कथित देशद्रोहको
नाममा खरानी बनायो।

अनेक बहानामा,
हाम्रा थातथलो खोसियो,
हाम्रा पूर्वजहरूमाथि अमानवीय
व्यवहार थोपरियो
हाम्रा प्रथाजनित विधानहरू भष्म पारियो
हाम्रो भाषा, हाम्रो संस्कृति, हाम्रो
प्रकृतिमाथि
निर्ममतापूर्वक असमानताको बम हानियो
परिणामतः पहिचानी अस्तित्व धरापमा पर्यो ।

तर,
हामी फेरि उभिन्छौँ
चोमोलुङ्मा जस्तै अडिग र अविचल
हाम्रा भाषिक र सांस्कृतिक अस्तित्व जोगाउन,
जीवन र प्रकृतिको अनन्त सहअस्तित्व बचाउन,
र,
पुनः हाम्रो आत्म-स्वाभिमान व्युताउँन।

अब,
मुक्तिकामी युवाको चेतले भन्छ
ए ! आदिवासी हो.. मौनताको शृङ्खला तोडौं,
आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय
घोषणापत्रले भन्छ
-आदिवासी पहिचानको सम्मान गर
अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ ले
पनि भन्छ-
आदिवासी संस्कृतिको रक्षा गर।

## दु:ख पर्दा



सुजन श्रेष्ठ
गौशाला रामनगर -१

दु:ख पर्दा ताली पिट्ने
सुख पाउँदा छाती पिट्ने
देख्दा देख्दै जान्दा जान्दै
आफन्त नै भन्नु पर्ने ।
यता चिप्लो उता चिप्लो
लड्नु सबको नियति हो
लड्दा खेरी उठाउने
खोजी त हुने नै भो ।
यस्तो बेला साथ छोड्ने
समाएको हात छोड्ने
देख्दा देख्दै जान्दा जान्दै
आफन्त नै भन्नु पर्ने ।
उकालीमा तानिदिने
ओरालीमा लौरो बन्ने
सबले खोज्ने यस्तै नै हो
सबले रोज्ने यस्तै नै हो ।
रोग लाग्दा खुसी हुने
ठीक हुँदा दु:खी हुने
देख्दा देख्दै जान्दा जान्दै
आफन्त नै भन्नु पर्ने ।

## मुक्तक



अम्बिका खरेल उप्रेती
विराटनगर -१२

१
रिसाएर आगो हुँदा भुङ्गामाथि झार्न सक्छन्
आफूलाई जोगाएर अरूलाई पार्न सक्छन्
आफ्ना आफन्त खै केके हुन् यी सबै मिथ्या !
पत्थरलाई पुज्दै यहाँ ईश्वरलाई लछार्न सक्छन्
२
एकै होला लक्ष्य सबैको सफर फरक छ यहाँ
आफ्ना र आफन्तमा पनि रहर फरक छ यहाँ
बुझ्न पुगिदैन गन्तव्यमा पाइला नचालेसम्म
चन्द्रमा त्यही हो हेर्ने नजर फरक छ यहाँ
३
अभाव पछार्ने, प्रवासमा रम्ने चाहनाले जिउ मासिँदैछ
मानव मुटुमा ओलन बस्दैन ओदानमा घिउ मासिँदैछ
समृद्धिका लागि बढेका पाइलाहरू आकाशीए पछि
समयका गर्भबाट निस्केका उन्नतिको बीउ मासिँदैछ
४
दृष्टिमा भ्रमको जालो लागेपछि रन्किन्छ मान्छे
अहंकारको बिटो बोक्दै गर्दा सन्किन्छ मान्छे
एकलौटी स्वाभिमानलाई हिमाल चढाएपछि
बेमौसमी हावा चल्न थालेपछि फन्किन्छ मान्छे

## चारु/ रागविराग



देवी पन्थी

मैले बदतमीजबाट शिष्टता र,
असभ्यबाट सभ्यता सिकेको छु
मलाई नमस्ते गर्नेदेखि इष्टमित्रसम्मले,
घोचेका काँडाले दुखेको छु।
म सङ्लो पानी बनेर बग्नखोज्दा,
बाँध बानेर रोके जसले मलाई
मैले नचाहेर पनि जुल्म गर्नेका छातीमा,
किल बनेर गडेको छु ।
म आफ्नो बारी जोतेर खाइरहेको थिएँ,
साँध मैले मिचेको थिइन
हमला हुँदा मैले आफूलाई बचाउन,
उसको घाँटी निचोरेको छु ।
कुरुपता खुबसुरतीमा तब बदलिन्छ,
जब त्यो लुकाउन सकिन्छ
मैले साहित्यको फुलबारीमा,
सस्ता खुबसुरत बारम्बार भेटेको छु
सुनको फ्रेम लगाऔं या हीराको लगाऔं ,
ऐना झुठ बोल्दै बोल्दैन
झुठको खेती गरिखानेको हालत देखेर,
मैले पनि थोरौ चेतेको छु।

## लेख्न त गाह्रो रहेछ



मन्जु घिमिरे दहाल

कति लेखूँ कथा
कस्ता लेखूँ कथा
आमा बिरामी हुँदाका
लेखूँ कि कथा
स्नेहिला रातका लेखूँ कथा?
अहिलेसम्म जीवनले भोगेका महामारी
उठाएका सकसका पहाड
खेपेका असिना पानी
ज्वालामूखी र भूकम्प
के के का लेखूँ कथा?
अरुका कारण
मैले पाएका दु:ख लेखूँ कि
मेरो कारण अरुले
पाएका पीडा लेखूँ
अरौटे भरौटेका
कुरा लेखूँ कि
ओल्लोघर पल्लोघरका
लफडा र झगडा लेखूं,
खुशी हुँदा आमा भनिएका
रिसाउदा बोक्सी मानिएका
आफूलाई चाहिदा
आफै लम्पसार परेका
कुन कथा लेखूँ म?
बहिस्कार तिरस्कार
या आफ्नै मोटरकार
कुन कथा
कहाँ बाट लेखूँ
धनको लागि रगत बिर्सनेका
रगतको लागि धन सक्नेका
कुन कथा लेखूँ म?
शहरमा महलमा बसी
आमाबाबु बृद्धआश्रममा राख्ने
सपूतहरुको कथा लेखूँ कि
गाउँमा बृद्धअबश्थाका
आमाबाबु मेलापात गर्दा
चिया पसल र चौरमा बसी
तास खेल्ने सन्तानको
कथा लेखूँ?
म अलमल परेँ
देशभक्त भनेर नारा लगाउनेको
कथा लेखूँ कि देशद्रोही भनिने
गाँस बास कपासको लागि
लड्नेहरुको कथा लेखूँ?
देशमा आमा पाल्न
बिदेशमा पसिना बगाउनेको कथा लेखूँ
कि देशमै बसेर आमा बेच्नेहरुको
कथा लेखूँ?
बास्तवमा लेखक बन्न
धेरै गाह्रो रहेछ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# माघे सङ्क्रान्ति नजिकिँदै जाँदा बजारमा चहलपहल बढ्यो

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस २५ गते, महोत्तरी**



माघे सङ्क्रान्ति नजिकिँदै जाँदा महोत्तरीसहित तराई-मधेशका हाटबजारमा सख्खर, तिल, चिउरा र मुरही (भुजा)को व्यापार उल्लेख्य रूपमा बढेको छ। माघ १ गते मनाइने माघे सङ्क्रान्तिका अवसरमा यी परिकार खाने परम्पराले पछिल्ला दिनमा बजारमा चहलपहल बढाएको हो।

व्यापार बढेसँगै महोत्तरीको औरही नगरपालिका-१ मा पर्ने औरही बजारमा चिउरा, मुरही र सख्खर बिक्री गर्ने पसलको सङ्ख्या पनि उल्लेख्य रूपमा वृद्धि भएको छ। सामान्य दिनमा तीन-चारवटा मात्र यस्ता पसल सञ्चालनमा रहने गरेकामा हाल दुई दर्जनभन्दा बढी पसल खुलेका छन्। तराई-मधेशका अधिकांश घरमा सख्खर मिसाएर तिल, चिउरा, मुरही र जुनेलोका डल्ला बनाएर खाने चलन रहेकाले माग बढेको व्यापारीहरू बताउँछन्।

औरही उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्रवण चौधरीका अनुसार माघे सङ्क्रान्तिले स्थानीय बजारलाई चलायमान बनाएको छ। उहाँले भन्नुभयो,माघे सङ्क्रान्ति हाम्रो संस्कृतिसँग मात्र होइन, स्थानीय व्यापार, साना व्यवसायी र कृषकको आम्दानीसँग पनि जोडिएको पर्व हो।यस अवसरमा स्थानीय बजारमा आर्थिक गतिविधि बढ्ने गर्छ।

तर, व्यापारसँगै मूल्यवृद्धिले उपभोक्तालाई असर पारेको छ। औरही बजारका व्यापारी पूजन चौधरीका अनुसार माघे सङ्क्रान्तिको मागले बजार मूल्यमा दबाब परेको हो। उहाँले भन्नुभयो,माघ नजिकिँदै जाँदा तिल, सख्खर र चिउराको माग एकाएक बढ्छ।

माग बढेपछि मूल्य पनि बढ्नु स्वाभाविक हो। उहाँका अनुसार अन्य दिनमा प्रतिकिलो २०० देखि २२० रुपैयाँमा बिक्री हुने तिलको मूल्य हाल बढेर ३४० रुपैयाँसम्म पुगेको छ भने सामान्य दिनमा ९० देखि १०० रुपैयाँमा बिक्री हुने सख्खर १२० रुपैयाँ पुगेको छ। हाल चिउरा प्रतिकिलोग्राम ७५ रुपैयाँ र मुरही १०० रुपैयाँमा बिक्री भइरहेको छ।

उपभोक्ताले भने मूल्यवृद्धिप्रति असन्तुष्टि जनाएका छन्। औरही बजारमा किनमेल गर्न आएका घनश्याम यादवले बजार भाउमा एकरूपता नभएको गुनासो गर्नुभयो।एउटै सामानको मूल्य पसलअनुसार फरक-फरक छ,उहाँले भन्नुभयो,पर्वको समयमा सरकारी निकायबाट नियमित अनुगमन नहुँदा व्यापारीले मनपरी मूल्य लिने अवस्था देखिन्छ।उहाँले उपभोक्तालाई राहत हुने गरी बजार अनुगमन कडाइका साथ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

यसैबीच, बजारमा तरुल, सख्खर खण्ड, पिँडालु र अन्य कन्दमूलको बिक्री पनि राम्रो भएको छ। पहाडी समुदायले माघे सङ्क्रान्तिमा उपभोग गर्ने तरुल र पिँडालु हाल मधेसी समुदायले समेत प्रयोग गर्न थालेका छन्।

मिथिलाञ्चलमा तिला सङ्क्रान्तिका दिन खिचडी, मुरही, चिउरा र तिलको लड्डु खाने चलन छ। माघे सङ्क्रान्तिका दिन उपभोग गरिने तिल, चिउरा र मुरहीका लड्डु भने पुस महिनाको अन्तिम रातिमै बनाइने गरिन्छ। यसरी तयार गरिएका लड्डु विवाहित चेलीको घरमा कोसेलीका रूपमा पुऱ्याउने परम्परा मधेश क्षेत्रमा अहिले पनि कायम छ।

# पर्यटन प्रवर्द्धनका लागि सिलिगुढीमा मेला




**खबर दर्पण समाचारदाता**

**पुस २५ गते, बर्दिवास**

धार्मिक, सांस्कृतिक, पर्यटनीय क्षेत्रको प्रचुर सम्भावना रहे पनि यसको प्रचारप्रसारको अभावका कारण मधेश प्रदेश, कोशी प्रदेशलगायतका क्षेत्रमा पर्यटकहरु अपेक्षाकृत उल्लेख्य रुपमा नरहेकाले यसको प्रचार प्रसार नेपाल-भारततर्फका सरोकारवालले चासो लिएका छन् ।

धार्मिक, सांस्कृतिक महत्व रहे पनि उल्लेख्य रुपमा पर्यटकलाई बुझाउने गरी यसको जानकारी हुन नसक्दा पर्यटकहरु अन्योलमा पर्ने गरेकाले ट्राभल्स टुर्स र होटेल व्यवसायीहरुसंगै मधेश प्रदेश र कोशी प्रदेश सरकारले आ-आफ्नो क्षेत्रको यथेष्ट जानकारीसहितका लागि मेलाको आयोजना गरिएको छ। बंगाल ट्राभल मार्टस्, नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा पर्यटन प्रवर्द्धन विषयक तीन दिवसीय पर्यटन मेला भारतको पश्चिम बंगालस्थित सिलिगुढीमा शुक्रबारदेखि शुरु भएको छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश, कोशी प्रदेश सरकार र होटेल एशोसिएसन अफ नेपाल मधेश प्रदेशको संयुक्त तत्वावधानमा मधेश प्रदेशबाट पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेको नेतृत्वमा होटेल एशोसिएसन नेपाल मधेश प्रदेशका अध्यक्ष हिरा गौतम, अञ्जनी स्वीट्सका प्रतिनिधिलगायतका होटेल व्यवसायीहरुको सहभागिता रहेको छ । तीन दिनसम्म चल्ने उक्त मेलामा भारत र नेपालको पर्यटन प्रवर्द्धनका लागि सहकार्य गर्ने उद्देश्यले दुई देशका पर्यटन व्यवसायीहरु छलफलसमेत गरेका छन् ।

मधेश प्रदेशबाट सांस्कृतिक धार्मिक परम्परागत भोजनको प्रवर्द्धन गर्दा मधेश प्रदेशमा पर्यटकहरुको आकर्षण बढ्ने सचिव घिमिरेले बताए । मधेशलगायतका विभिन्न क्षेत्रमा आउने पर्यटनलाई पर्यटकका रुपमा आकर्षित गर्न योजना र रणनीतिका लागि समेत दुवै देशबीचका होटेल व्यवसायीहरु अग्रसर देखिएका छन् ।

तुलनात्मक रुपमा विगतभन्दा अहिलेको मधेश प्रदेश, कोशी प्रदेशलगायतका विभिन्न प्रदेशको पर्यटकीय क्षेत्रमा व्यापक फड्को मारेकाले यसको धार्मिक, सांस्कृतिक, परम्परागत भोजन र पर्यटक स्थल र देवभूमिसहितको स्थलको विस्तृत रुपमा अवगत गराउँदै एकअर्काबीचको समन्वय र सहकार्यमा सचिव घिमिरेले जोड दिए । यस मेलामा होटेल र टुर्स ट्राभल्सहरुको प्रचारप्रसार र धार्मिक सांस्कृतिक स्थल तथा होटेलको सेवा संरचनागत सुविधा र स्थानीयस्तरमा रहेको पर्यटकीय क्षेत्रको अवलोकनलगायतका बारेमा समेत आदानप्रदान गरिएको अञ्जनी स्वीट्सका प्रतिनिधिले जानकारी दिए ।

## मोटर साइकल हरायो

मिति २०८२ साल पुष २० गते तपसील विवरण भएको मोटर साइकल हराएको हुँदा भेटनु हुने महानुभावले नजिकैको प्रहरी चौकीमा खबर गरेर सहयोग गरिदिनु हुन अनुरोध छ।

<u>तपसील</u>

मोडेल : YAMAHA FZS V2
रंग: NAVY BLUE
इन्जिन नं. : G3J3E0586197
चेसिज नं. : ME1RG445CN0094589
गाडी नम्बर : म.प्र.०२-००७प-६३४१
कम्पनी : यामाहा
मोसा धनिको नाम : शिवराज गिरी
ठेगाना : गौशाला, महोत्तरी
सम्पर्क नम्बर : ९८६०१७०५४९

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

सुचना, सन्देश र मनोरञ्जनको लागि



# शीतलहरबाट जोगिन विपन्न परिवारलाई न्यानो कपडा, फाइबर सिरक र म्याट वितरण

**खबर दर्पण समाचारदाता**

**पुस २५ गते, बर्दिवास**

महोत्तरी जिल्लामा पछिल्लो समय अत्यधिक चिसो र शीतलहर बढ्दै गएपछि त्यसको प्रत्यक्ष मारमा परेका विपन्न, असहाय तथा जोखिममा रहेका परिवारलाई लक्षित गर्दै लायन्स क्लब अफ बर्दिवास समाजले न्यानो फाइबर सिरक र म्याट वितरण गरेको छ।

शीतलहरका कारण दैनिक जीवन कष्टकर बन्दै गएकाले र ाहतस्वरूप उक्त सामग्री वितरण गरिएको हो। लायन्स क्लब अफ बर्दिवास समाजले बर्दिवास नगरपालिका-२, १४, ७, ९ र ३ तथा गौशाला नगर पालिका-१ रामनगर क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका परि वारलाई राहत प्रदान गरेको छ। वितरण कार्यक्रममा विशेष गरी अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा कमजोर परिवारलाई प्राथमिकतामा राखिएको क्लबले जनाएको छ। विगत करिब तीन सातादेखि निरन्तर रूपमा जारी शीतलहरका कारण तराई-मधेस क्षेत्रमा चिसोको प्रभाव अत्यधिक बढेको छ।

पर्याप्त न्यानो लुगा, सिरक र सुरक्षित आवासको अभावमा विपन्न परिवार, बालबालिका र ज्येष्ठ नागरिकहरू स्वास्थ्य जोखिममा परिरहेका बेला लायन्स क्लब अफ बर्दिवास समाजले मानवीय दायित्व बोध गर्दै राहत वितरण अभियान सञ्चालन गरेको हो। लायन्स क्लब अफ बर्दिवासकी सचिव सुनिता बरालले क्लबमार्फत ८० घरधुरीलाई न्यानो फाइबर सिर क र म्याट वितरण गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार शीतलहरका कारण दैनिक जीवन प्रभावित भएका तथा स्वास्थ्य जोखिममा परेका परिवारलाई लक्षित गरी राहत कार्यक्रम अघि बढाइएको हो। “चिसो बढ्दै जाँदा धेरै परिवार समस्यामा परेका छन्।

उनीहरूलाई केही भए पनि र ाहत मिलोस् भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो,” उहाँले भन्नुभयो। स्थानीयवासीहरूले क्लबको सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता सामाजिक कार्यले कठिन





परिस्थितिमा ठूलो राहत मिल्ने बताएका छन्। उनीहरूका अनुसार शीतलहरको समयमा न्यानो सिरक र म्याट अत्यावश्यक सामग्री भएकाले प्राप्त सहयोगले चिसोबाट बच्न सहज भएको छ। लायन्स क्लब अफ बर्दिवास समाजले आगामी दिनमा पनि सामाजिक उत्तर दायित्वलाई आत्मसात् गर्दै विपन्न, असहाय तथा संकटमा परेका समुदायका लागि यस्ता सहयोगात्मक कार्यक्रमलाई निर न्तरता दिने प्रतिबद्धता जनाएको छ। स्थानीय तह, सामाजिक संघसंस्था र समुदायको सहकार्यबाट मानवीय सेवाका कार्यक्रम अझ प्रभावकारी बनाइने क्लबको भनाइ छ। त्यसैगरी महोत्तरीको पिपरा गाउँपालिका-६ का अत्यधिक चिसोबाट प्रभावित ४५ बालबालिका र परिवारलाई शुक्रवार न्यानो कपडासहितको झोला (कपडा किट) वितरण गरिएको छ ।

सेभ द चिल्ड्रेनले पिपरा गाउँपालिकाको अनुरोध र स्थानीय साझेदार संस्थासँगको सहकार्यमा उक्त सामग्री वितरण गरेको हो । वितरित गरिएको न्यानो सामग्री झोलामा थर्मस, ज्याकेट, स्वेटर , थर्माकोट, टोपी, मफलर, पञ्जा, मोजा विभिन्न १६ प्रकार का सामग्री समावेश छन्। यसैगरी सेभ द चिल्ड्रेनले सर्लाही जिल्लाको बलरा नगरपालिका वडा नम्बर ३, ५, ६ र ११ का चिसो प्रभावित ३ सय परिवार लाई नगरपालिकाको अनुरोधमा कम्बल वितरण गरेको छ। गत पुष पहिलो सातादेखि बढेको चिसोका कारण घाम नलाग्दा र हुस्सु लाग्दा मधेशको जनजीवन प्रभावित भएको छ। स्थानीय सरकारले कठाङ्गिदो जाडोका कारण विद्यालय बन्द गरेका छन् जाडोबाट बालबालिका र जेष्ठ नागरिक बढी प्रभावित भएका छन् । मधेशका विभिन्न स्थानमा प्रभावित समुदायका लागि स्थानीय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले सम्बन्धित स्थानीय सरकारसँगको समन्वयमा सहायता वितरण गरिरहेका छन् ।

**कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।**

**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सुविधा छ।**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,